# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौं, ३ नं. प्रदेश, नेपाल

(वित्त विभाग)


**पत्र संख्याः ०७४/०७५** **मिति : २०७५/३/१८**

**चलानी नं.:** १४७१

श्री सम्पूर्ण वडा कार्यालयहरु
काठमाडौं महानगरपालिका ।

**विषय : खर्च खाता व्यवस्थापन सम्बन्धमा ।**

काठमाडौं महानगरपालिकाको प्रत्येक आर्थिक वर्षको हिसाब स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १०, नगरपालिकाको आर्थिक कार्यप्रणालीले व्यवस्था गरेबमोजिम राख्नपर्ने भएको हुँदा त्यस वडा कार्यालयमा यस चालू आव २०७४/०७५ मा निकासा गएको रकमको सम्बन्धमा मिति २०७४/३/१४ (सचिव स्तर) को निर्णयअनुसार देहाय बमोजिम गर्नु हुन सूचित गरिन्छ ।

देहाय

१. चालू आर्थिक वर्ष २०७४/०७५ मा त्यस वडा कार्यालयलाई निकासा पठाइएको रकममध्ये मिति २०७५/३/२५ सम्म प्रचलित नियमानुसार खर्च गरी अनिवार्य रुपमा खर्च खाता बन्द गर्ने ।
२. यस चालू आवमा काम सुरु भई मिति २०७५/३/२५ भित्र भुक्तानी हुन बाँकी रहने भए सोको बिल भर्पाइसहित त्यस वडा कार्यालयबाट दायित्व प्रमाणित गरी राख्ने ।
३. मिति २०७५/३/२९ भित्र खर्च खातामा बाँकी रहेको रकम कामपाको खाता नं. ०३०६०१७५००१४७ मा दाखिला गरी सोको जानकारी वित्त विभागमा पठाउने ।
४. चालू आर्थिक वर्ष भरी खर्च भएको चालू खर्च र पुँजीगत खर्च सहितको विवरण २०७५/३/२९ भित्र अनिवार्य रुपमा वित्त विभागमा पठाउने ।

..........................
(शिवराज अधिकारी)
विभागीय प्रमुख

बोधार्थ
श्री आलेप शाखा, कामपा ।
श्री सूचना प्रविधि विभाग : वेभ साइटमा राखिदिन ।


बागदरवार, काठमाडौं, नेपाल । फोन नं.: ४२६८५०६, फयाक्स: ४२६८५०९
पो.ब.नं.: ८४१६, ईमेल: info@kathmandu.gov.np, kmcmayor@mos.com.np, वेभसाईट: www.kathmandu.gov.np